मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १८० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ जेठ ५ गते बुधवार (Wednesday, May 19. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## ईक्यानद्वारा २० वटा अक्सिजन सिलिण्डरबापत तीन लाख सहयोग



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, जेठ ४।** अक्सिजन सिलिन्डर बैंक स्थापना गर्न एकका लागि एक अभियानले शुरु गरको 'एक व्यक्ति एक सिलिन्डर' सहयोग अभियान अन्तर्गत नेपाल शैक्षिक परामर्श संघ (ईक्यान) झापाले तीन लाख रुपैयाँ प्रदान गरेको छ ।

ईक्यान झापाले मंगलबार अभियानको सचिवालय सहारा नेपाल केन्द्रीय कार्यालय चारपानेमा २० थान अक्सिजन सिलिन्डरबापतको रकम हस्तान्तरण गरेको हो ।

ईक्यान झापाका अध्यक्ष सुमन शर्मा जमरकट्टेलले अभियानका संयोजक महोन्द्रकुमार गिरीलाई सो रकमको चेक प्रदान गरेका हुन् । ईक्यानका केन्द्रीय सदस्य तथा झापाका सल्लाहकार पुष्पराज भट्टराई, ईक्यान झापाका उपाध्यक्ष मिलन ओली, कोषाध्यक्ष राज कार्की चेक हस्तान्तरण कार्यक्रममा सहभागी थिए । ईक्यान झापाका अध्यक्ष जमरकट्टेलले अक्सिजन अभावमा कसैले मृत्युवरण गर्ने अवस्था नआओस् भनेर सहयोग गरिएको बताए ।

कार्यक्रममा अभियानका सहसंयोजक बिनोद बस्नेत, सदस्य गजेन्द्र पौडेलको सहभागिता थियो । अभियानका सदस्य तथा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले कार्यक्रम सञ्चालन गरेका थिए । सोही कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका सदस्य तथा कान्तिपुर टीभीका संवाददाता गणेशमान मुखियाले संक्रमितको जीवन

(बाँकी अन्तिम पृष्ठमा)

कोरोना संक्रमण

# झापामा एकैदिन नौ जनाको मृत्यु

**झापा, जेठ ४।** झापामा पछिल्लो २४ घण्टामा चार महिला सहित नौं जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका कोभिड फोकल पर्सन जीवन चम्लागाँईका अनुसार बिर्तामोड, भद्रपुर र दमक नगरपालिकामा दुई/दुई जना र मेचीनगर नगरपालिका, बुद्धशान्ति गाउँपालिका र कनकाई नगरपालिकामा एक /एक जना गरी नौ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको हो ।

मृत्यु हुनेमध्ये भद्रपुर नगरपालिकामा छोराको मृत्यु भएको एक सातापछि बुवाको पनि कोरोना संक्रमणकै कारण मृत्यु भएको छ । साविक महेशपुर-१ मन्त्रीबारी हाल भद्रपुर वडा नं. ४ निवासी ७६ वर्षीय सुरेनचन्द्र राजवंशीको कोरोनाका कारण मंगलवार बिहान मृत्यु भएको हो ।

एक साताअघि कारोना संक्रमणकै कारण ४८ वर्षीय छोरा अनुप राजवंशीको मृत्यु भएको थियो । छोराको मृत्यु पछि गतशुक्रबार सुरेनचन्द्र राजवंशीको पीसीआर परीक्षण गराउँदा कोरोना संक्रमण देखिएको थियो । कोरोना संक्रमणपछि राजवंशीलाई होम आइसोलेसनमा राखिएको थियो । राजवंशीको होम आइसोलेसनमा नै निधन भएको बताइएको छ ।

भद्रपुर नगरपालिकामा नै पछिल्लो २४ घण्टामा अर्का एक कोरोना संक्रमितको मृत्यु भएको हो । होम आइसोलेसनमा रहेका भद्रपुर-६ निवासी ७१ वर्षीय बृद्धको मंगलवार दिउँसो घरमै मृत्यु भएको भद्रपुर नगरपालिका स्वास्थ्य शाखाका मनोज भट्टराईले जानकारी दिए । योसँगै भद्रपुरमा नयाँ भेरियन्टको कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या सात पुगेको छ ।

उता दमकमा कोरोना संक्रमणका कारण दुई जना महिलाले ज्यान गुमाएका छन् । दमक-५स्थित हरिओम कोलनी निवासी ३५ वर्षीया महिलाको लाइफलाइन अस्पतालमा उपचारका क्रममा मंगलवार बिहान मृत्यु भएको हो ।

गत बैशाख ३० गतेदेखि अस्पतालमा उपचाररत उनको मंगलवार विहान निधन भएको बताइएको छ । बैशाख २४ गते धरानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको पीसीआर परीक्षणका क्रममा उनलाई कोरोना पोजेटिभ देखिएको नगरपालिकाका स्वास्थ्य शाखाका कुवेर भट्टराईले जानकारी दिए ।

यता बिर्तामोडस्थित पूर्ण-टुङ्ग बिर्तासिटी हस्पिटलमा मंगलवार बिहान दमकका कोरोना संक्रमित महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा दमक-८ निवासी तामाङ थरकी ६२ वर्षीया महिला रहेकी छन् । दमकमा दोस्रो चरणको नयाँ भेरियन्टसहितको कोराना संक्रमणका कारण ६ महिला र ४ पुरुषसहित १० जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । दमक नगरपालिकामा ५ सय भन्दाबढी सक्रिय संक्रमित रहेका छन् ।

यता बिर्तामोडमा दुई जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । बिर्तामोडस्थित पूर्ण-टुङ्ग बिर्तासिटी हस्पिटलमा मृत्यु हुनेमा बिर्तामोड-४की कुसवाह थरकी ४० वर्षीया महिला रहेकी छन् । अहिले बिर्तासिटी हस्पिटलको आकस्मिक कक्ष र कोभिड वार्डमा गरी ५१ जना कोरोना संक्रमितको उपचार भइरहेको अस्पताल प्रशासनले जनाएको छ ।

त्यस्तै बिर्तामोड नगरपालिका-६ निवासी गिरी थरकी ७९ वर्षीया बृद्धाको कोरोना संक्रमणकै कारण मृत्यु भएको हो । बिर्तामोड नगरपालिकाले सञ्चालन गरेको नगर अस्पताल लगिएकोमा त्यहाँ उपचार नभएपछि घरतर्फ ल्याउँदै गर्दा उनको बाटैमा मृत्यु भएको बताइएको छ ।

त्यस्तै मेचीनगरमा थप एकजना कोरोना संक्रमितको मृत्यु भएको छ । मेचीनगर-७ इँटाभट्टाका निरौला थरका ३२ वर्षीय पुरुषको बिर्तामोडको बीएण्डसी हस्पिटलमा उपचारका क्रममा मृत्यु भएको नगरपालिकाका सामाजिक विकास शाखाका नवीन बरालले बताए । निरौला मेचीनगर नगरपालिकाका कर्मचारी थिए । मेचीनगरमा नयाँ भेरियन्टबाट मृत्यु हुनेको सख्या नौं पुगेको छ ।

यता बुद्धशान्ति गाउँपालिकामा नयाँ भेरियन्टको कोरोना संक्रमणका कारण प्रधान थरका एक व्यक्तिको मृत्यु भएको छ । बुद्धशान्ति-७का प्रधानको मंगलवार बिर्तामोडको बीएण्डसी हस्पिटलमा मृत्यु भएको गाउँपालिकाका स्वास्थ्य शाखाका भोला अधिकारीले जानकारी दिए ।

यता कनकाई नगरपालिका-३ निवासी उप्रेती थरकी ८६ वर्षीया बृद्धाको कोरोना संक्रमणका कारण निधन भएको छ । उनको उपचारका क्रममा मेची प्रादेशिक अस्पताल भद्रपुरमा मृत्यु भएको हो । मेची प्रादेशिक अस्पतालमा नै

(बाँकी अन्तिम पृष्ठमा)

## 'विश्व नै खोप विभेदको जोखिममा'

**पेरिस, जेठ ४।** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस अधानोम घेब्रेससले धनी राष्ट्रहरु र मध्य एवम् न्यून आय भएका मुलुकबीच कोभिड-१९ विरुद्धको खोप वितरणमा व्यापक असमानता रहेको बताएका छन् । उनले भने- पछिल्लो अवस्था हेर्दा विश्वमा खोप वितरणमा तीब्र विभेद छ ।

पेरिस पिस फोरममा सम्बोधन गर्दै महासचिव घेब्रेससले भने- मेरो विचारमा विश्व नै खोप विभेदको जोखिममा छ र यो रङ्गभेदी छ । तपाईंलाई थाहै छ, उच्च आय भएका मुलुकहरुको जनसंख्या विश्व जनसंख्याको करिब १५ प्रतिशत छन् तर विश्वमा उत्पादित खोपको झण्डै ४५ प्रतिशत त्यहीँ छ । न्यून र न्यून-मध्यम आय भएका मुलुकहरुमा विश्वको झण्डै आधा जनसंख्या छ, तर खोप भने १७ प्रतिशत मात्र उपलब्ध छ । खोप वितरणमा ज्यादै ठूलो अन्तर प्रष्टै देखिएको छ ।

उनले विश्वका १२४ वटा देशमा करिब ६३ लाख डोज खोप पठाइएको छ, तर यो खोप ती देशको कूल जनसंख्याको ०.५ प्रतिशत मात्र रहेको बताए । खोप वितरणमा देखिएको यस किसिमको असमता हटाउन लगानी बढाउनुपर्ने, कोभाक्समा खोप उपलब्ध हुनुपर्ने तथा खोपको उत्पादन बढाउन प्रविधि हस्तान्तरण गर्नुपर्नेमा उनले जोड दिए ।

महासचिव घेब्रेससले भने- कतिपय उच्च आय भएका मुलुकहरुले आफ्ना बालबालिका र किशोर किशोरीलाई खोप दिन थालिसकेका छन्, जबकी विश्वका धेरै देशमा अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मी, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहमा

(बाँकी अन्तिम पृष्ठमा)

# प्रदेश नं. १मा छैन कोरोनाको भरपर्दो उपचार

उमाकान्त खनाल

**झापा, जेठ ४।** झापा कोरोनाभाइरस सङ्क्रमण भएर गम्भीर बनेपछि इलामका एकजना पुरुषलाई मोरङको विराटनगर ल्याएर उपचार गरिए पनि उनी बाँच्न सकेनन् । गत जेठ २ गते उनको मृत्यु भयो ।

पाँचथरका अर्का पुरुषलाई पनि झापाको एउटा निजी अस्पतालको सघन उपचार कक्षमा उपचार गराइरहनुपरेको छ । यी पूर्वी पहाडका प्रतिनिधि घटना मात्र हुन् । पूर्वी पहाडका जो कोही गम्भीर प्रकृतिका कोरोनाभाइरसका सङ्क्रमितलाई झापा, मोरङ र सुनसरीका अस्पतालहरूमा उपचार गराउनुपर्ने बाध्यता छ । गाउँ-गाउँमा सङ्क्रमण पुगेको भए पनि गाउँका सङ्क्रमित शहर नै आएर उपचार गराउनुपर्ने बाध्यता छ ।

त्यसमा पनि सरकारी अस्पतालहरूमा क्षमता अभावका कारण भर्ना पाउन ज्यादै मुस्किल छ । सरकारी अस्पतालहरूमा कोशी अस्पताल विराटनगर, धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र भद्रपुरको मेची अस्पतालमा कोरोनाभाइरस सङ्क्रमितको उपचार हुने गरेको छ । सघन उपचार तथा भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्दा विराटनगर र धरान धाउनुपर्ने बाध्यता छ । ११ जिल्लामा उपचारको सकस कोरोनाभाइरसको पहिलो लहरमा प्रदेश नं. १लाई त्यति गाँजेको थिएन । तर, अहिले कोभिड महामारीको दोस्रो लहरमा कतिपय पहाडी जिल्लामा दैनिक दर्जनौं मानिसलाई सङ्क्रमण पुष्टि हुन थालेको छ । दैनिक धेरैको ज्यान पनि गइरहेको छ । कोभिडका बिरामी बढ्न थालेपछि पाँचथरको जिल्ला अस्पतालले चारवटा भेन्टिलेटरसहित १० वटा शय्याको सघन उपचार कक्ष बनाउन शुरु गर्‍यो ।




तर, उक्त अस्पताललाई पनि भेन्टिलेटरसहितको सघन उपचार कक्ष कसरी सञ्चालन गर्ने भन्ने पिरलो छ । इलाम जिल्ला अस्पतालमा दुईवटा भेन्टिलेटर आए पनि चलाउन नसकिएको अस्पतालका प्रमुख डा. प्रभु शाहले बताए । उनले भने- हामीसँग ती उपकरण चलाउने तालिमप्राप्त जनशक्ति नै छैन । संखुवासभाको चैनपुर नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख नरबहादुर श्रेष्ठका अनुसार पहाडका कोभिडका बिरामीलाई छ देखि आठ घण्टासम्म लगाएर धरान वा विराटनगर पुर्‍याउनुपर्ने बाध्यता छ । उनले भने- पुर्‍याएर मात्र पनि हुँदैन, शय्या खोज्न यति गाह्रो हुन्छ कि भनेर साध्य छैन । र, पनि अहिलेसम्म चाहिँ बिरामीलाई उपचार नै नपाएर मर्न भने दिएका छैनौं ।

कोभिडका बिरामीका उपचारका लागि सुनसरी, मोरङ र झापाबाहेक प्रदेश नं. १का सबै जिल्लामा पूर्वाधार तथा जनशक्ति नहुँदा सकस व्यहोर्नु परेको ती जिल्लाका स्वास्थ्यकर्मी तथा स्थानीय तहका पदाधिकारीहरूले बताउने गरेका छन् ।

**पीसीआर परीक्षण पनि छैन**

अहिलेसम्म कोरोनाभाइरस सङ्क्रमणको आरटी-पीसीआर परीक्षणलाई नै प्रभावकारी मानिँदै आएको छ । कोरोनाभाइरस सङ्क्रमणको पहिलो लहरका बेला प्रदेश नं. १मा जति प्रयोगशाला स्थापना भए त्यसपछि पीसीआर परीक्षण प्रयोगशाला कतै स्थापना भएनन् । पीसीआर परीक्षण मेची अस्पतालका दुई जिल्ला तथा कोशी अस्पताल, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रयोगशालाले १४ जिल्लालाई धान्नु परिरहेको छ ।

पहाडका जिल्लाहरूबाट घण्टौं लगाएर ती प्रयोगशालाहरूमा स्वाब नमुना पुर्‍याउनुपर्ने बाध्यता छ । पहाडी जिल्लाहरूमा सीमित मात्रामा एन्टिजेन किट उपलब्ध गराएर कोरोनाभाइरस परीक्षण हुने गरेको छ । तर, एन्टिजेन परीक्षणमा सङ्क्रमण देखिए पनि पीसीआर परीक्षणमा नदेखिएको र एन्टिजेन परीक्षणमा सङ्क्रमण नदेखिए पनि पीसीआर परीक्षणमा सङ्क्रमण देखिएको विवरणहरू बाहिर आएका छन् ।

**'पहाडमा जनशक्ति पुर्‍याउन सकिएन'**

कोरोनाभाइरस सङ्क्रमणको पहिलो लहरले पहाडी जिल्लाहरूलाई तराईको जस्तो त्यति धेरै प्रभावित नगरे

(बाँकी अन्तिम पृष्ठमा)

## हात्तीको आक्रमणमा परी एक जनाको मृत्यु

**झापा, जेठ ४।** झापाको मेचीनगर नगरपालिका-९का ४५ बर्षीय श्याम राईको जंगली हात्तीको आक्रमणमा परी मृत्यु भएको छ ।

सोमवार राति मागुरमाणी सामुदायिक वनबाट १ वटा जंगली हात्ती आई गाँउ पसेकोले खेदाउने क्रममा राईलाई हात्तीले आक्रमण गरी घाइते बनाएको थियो । घाइतेको मेची अस्पताल भद्रपुरमा उपचारको क्रममा सोही मृत्यु भएको हो । हात्तीलाई प्रहरी र स्थानीयबासीको सहयोगमा जंगलतर्फ लखेटिएको छ ।

## मेची अस्पताल स्तरोन्नतिका लागि ९ करोड

**झापा, जेठ ४।** मेची प्रादेशिक अस्पताल भद्रपुरमा भेन्टिलेटर, अक्सिजन प्लान्ट तथा अक्सिजन ट्याङ्क निर्माण गर्नका लागि सरकारले रु. नौ करोड बजेट निकासा गर्ने निर्णय गरेको छ ।

संघीय अर्थ मन्त्रालयले देशका २६ अस्पताल र नौवटा प्रादेशिक अस्पतालका लागि रु. दुई अर्ब ९५ करोड २० लाख बजेट निकासा गर्ने निर्णय गरेको हो । बजेट निकासा भएका अस्पतालमा मेची अस्पताल पनि परेको हो । मेची अस्पतालका लागि प्रदेश नं. १ को सामाजिक विकास मन्त्रालयमार्फत सो बजेट निकासा हुने मेची प्रादेशिक अस्पतालका अध्यक्ष सोमनाथ पोर्तेलले बताए । अहिले अस्पतालमा कोरोना सङ्क्रमितको चाप बढेसँगै भेन्टिलेटर र अक्सिजनको समेत अभाव छ ।

# पाँचथरको गाउँ-गाउँमा कोरोना संक्रमण

**पाँचथर, जेठ ४।** गाउँबाट बाहिर नगएका पाँचथरको हिलिहाङ गाउँपालिका-५का एक कर्मचारीमा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि गाउँपालिकाको स्वास्थ्य शाखाले उक्त स्थानमा सङ्क्रमणको शुरुवात खोज्न थाल्यो ।

यस क्रममा ती कर्मचारी वैशाख २४ गते सोही वडाको मालबाँसे टोलमा विवाहमा गएको पत्ता लाग्यो । स्थानीय जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयम्सेविका, शिक्षकलगायत परिचालन गरी खोजी गर्ने क्रममा मालबाँसे टोलका अधिकांश स्थानीयवासीमा ज्वरो, रुघाखोकी लगायतका स्वास्थ्य समस्या देखियो । आइतबार उक्त टोलका आठ जनामा गरिएको एन्टिजेन परीक्षणमा सबैमा कोभिड-१९ सङ्क्रमण पुष्टि भयो ।

आइतबार आठ जनामा सङ्क्रमण देखिएपछि सोमबार मालबाँसे टोलबाटै नौ जनालाई प्राथमिक स्वास्थ्य केन्द्र गोपेटार पठाई एन्टिजेन परीक्षण गर्दा आठ जनामा सङ्क्रमण देखियो । 'घरैपिच्छे बिरामी हुनुहुन्छ । सबैको परीक्षण गराउनुपर्ने आवश्यकता छ'- स्थानीयवासी दिलकुमार खुदाङले भने- धेरै जना हुँदा भौतिक दूरी कायम गरेर बस्न र राख्नसमेत गाह्रो परिरहेको छ । मास्क र स्यानिटाइजर समेतको अभाव भएको र तत्कालै सबैको परीक्षण प्रबन्ध गर्नुपर्ने उनको भनाइ छ ।

गाउँभरिमा १५० भन्दा बढी बिरामी छन् । सबैमा कोभिड-१९ सँग मिल्ने लक्षण देखिएका छन्- खुदाङले भने- निषेधाज्ञाले गर्दा हामीले स्थानीयस्तरबाट मास्क, स्यानिटाइजरको प्रबन्ध गर्न, गम्भीर समस्या भएकालाई अस्पताल पठाउने काम समेत गर्न सकेका छैनौं । कोभिड-१९सँग लक्षण मिल्ने बिरामी गाउँभरि हुँदासमेत सरकारी निकायले पर्याप्त चासो नदिएको उनको गुनासो छ ।

सोमबार सोही विवाहमा सहभागी भएका हिलिहाङ-३ डाँढे टोलका सात जनामा गरिएको एन्टिजेन परीक्षणमा तीन जनामा कोभिड-१९ पुष्टि भयो । हिलिहाङ-३का स्थानीयवासीसमेत रहेका गाउँपालिकाका कर्मचारी शम्भुराज पालुङ्वाले भने- परीक्षण गराएकाहरुमा सङ्क्रमण पुष्टि भयो । घरैपिच्छे बिरामी भए पनि अधिकांशले घरेलु औषधि र सिटामोल, निम्स, साइनेक्सजस्ता स्थानीयस्तरमा उपलब्ध औषधि सेवन गरिरहेका छन् । हालसम्म कसैलाई पनि गम्भीर समस्या नदेखिएको पालुङ्वाको भनाइ छ । उनीहरु पनि हिलिहाङ-५को विवाहमा सहभागी भएका कारण त्यहीँबाट सङ्क्रमण भएको स्थानीयवासीको अनुमान छ ।

हिलिहाङ-५ सुभाङमा मात्रै हालसम्म २० जनामा कोरोना सङ्क्रमण देखिएको छ भने गाउँभरि ज्वरो, रुघाखोकीलगायत कोभिड-१९ सँग लक्षण मिल्ने बिरामी भेटिएका छन् । हाम्रो वडाको मालबाँसे, भालुखोपलगायत टोलका ५५ भन्दा बढी घरमा बिरामी छन् । तर कसैलाई पनि गम्भीर समस्या भने छैन- स्थानीयवासी समेत रहेका गाउँपालिकाका प्राविधिक ओमप्रकाश पौडेलले भने- अरु बेलाको जस्तो मौसमी स्वास्थ्य समस्या ठानेर अहिलेसम्म सबैले पचाइरहेका छन् । तर, परीक्षण गरिएकाहरुमा कोरोना सङ्क्रमण देखिएको छ । हिलिहाङ गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख चन्द्रप्रसाद घिमिरे परीक्षण गरिएका अधिकांश स्थानीयवासीमा कोरोनाको सङ्क्रमण देखिएको

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

मोबाइल ! मोबाइल !! मोबाइल !!!

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि**
**साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।**

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड
**सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१**

# मेयर सेर्मा संक्रमितका घरमा



**झिलझिले, जेठ ४।** 'सञ्चै हुनुहुन्छ ?'- हजुर, सञ्चै छौं । बेला बेला ज्वरो ह्वात्तै बढ्छ । खानामा अरुची हुन्छ । यो बाहेकको अन्य समस्या छैन ।'

यो संवाद हो शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार सेर्मा र कोरोना संक्रमित गोपीकृष्ण पोखरेलको । पोखरेलको घर शिवसताक्षी-१को शुक्रबारे बजारमा पर्छ । उनको परिवारका सबै ६ जना संक्रमित छन् । पोखरेलकी ८८ वर्षीया आमा गंगादेवी पनि संक्रमित छन् । उनी भन्छिन्- 'कोरोना भयो अरे भन्छन् । क्या हो कोरोना म त जान्दिनँ । रुचेको खाने गरेको छु । खाना रुची भएपछि जेसुकै रोग लागोस् मलाई मतलब छैन ।' रेडियो, टीभीमा कोरोनाको कारणले मृत्यु भएको खबर सुन्दा नरमाइलो लाग्ने गरेको उनले बताइन् । 'हेलचेक्र्याइ गरे त मरी हालिन्छ नि'- उनले भनिन् । जुनसुकै रोग लागे पनि परहेजमा बसे निको हुन सकिने उनले आफ्नो अनुभव सुनाइन् । उनले औलो रोग पनि पचाएकी थिइन् ।

पोखरेलको परिवारलाई स्थानीय छिमेकीहरुले पनि हौसला दिएका छन् । सागसब्जी किनेर ल्याइदिने, सकिएका औषधि बजार गएर ल्याइदिने, गाईबस्तुलाई घाँस काटेर हालिदिने जस्ता काम छिमेकीले गरिदिने गरेको पोखरेलले बताए । 'गाई छिमेकीले घँस्याए पनि दूध चाहिँ हामीले नै दुहेर खाने गरेका छौं'- पोखरेल ले भने । परिवारका सबै संक्रमित हुँदा केही सजिलो भएको महशुस पोखरेल परिवारले गरेको छ । भान्साकोठा, शौचालय, ट्यूबवेल, भाँडावर्तन लगायतको प्रयोग गर्न सजिलो भएको पोखरेलले बताए ।

मंगलबार शिवसताक्षी नगरपालिकाका प्रमुख सेर्मा रोग प्रतिरोधात्मक क्षमता बढाउने जडीबुटीजन्य औषधि लिएर संक्रमितका घरैमा पुग्दा उनीहरुको अनुहार खुशी देखिन्थ्यो । सेर्माले नगरपालिकाको स्वास्थ्य शाखाका हेल्थ असिस्टेन्ट सञ्जय ठकुरी र कोभिडका फोकल पर्सन रोशन अधिकारीलाई पनि साथै लगेका थिए । नगरप्रमुख स्वास्थ्यकर्मीसहितको टोली लिएर घरमा औषधिसहित आउँदा आफूहरूको मनोबल उच्च भएको सङ्क्रमितले बताए ।

'अभिभावक आउँदा रोगलाई जितेजस्तो भयो- पोखेलले भने- गाह्रो भएको बेला नगर प्रमुखले ल्याएको औषधिले मनोबल उच्च मात्र होइन कोरोनालाई नै परास्त गरेको अनुभुति भएको छ । स्वास्थ्यकर्मीका अनुसार संक्रमित पोखरेलका सबै परिवारको स्वास्थ्य अवस्था सामान्य रहेको छ । संक्रमितका घरमा जनप्रतिनिधि पुग्दा उनीहरूको मनोबल उच्च हुने शिवसताक्षी नगरपालिका वडा नम्बर २का अध्यक्ष कूलबहादुर बस्नेतले बताए । 'हामी जनप्रतिनिधि उहाँहरुका अभिभावक हौं । यस्तो परिस्थितिमा उहाँहरूका घरमा गएर आवश्यक सल्लाह, सहयोग र रोगप्रतिरोधी औषधि दिँदा संक्रमितको मनोवल उच्च हुन्छ'- वडाध्यक्ष बस्नेतले भने ।

शिवसताक्षी-१का वडाध्यक्ष सुवास राई, सुकुम्बासी समस्या तथा व्यवस्थापन आयोग झापाका सदस्य राधाकृष्ण खनाल लगायत वडा नम्बर १का जनप्रतिनिधि पनि संक्रमितका घरमा पुगेका थिए । नगरप्रमुख सेर्माले संक्रमितलाई तातो पोषणयुक्त झोलिलो पदार्थ सेवन गर्न सुझाए । आत्मबल दरो बनाएर स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरु पूरा गर्न पनि उनले संक्रमितलाई अनुरोध गरे ।

'यो लरतरो रोग होइन, कोरोनालाई सामान्य ठान्नु बिल्कुलै हुँदैन'- नगर प्रमुख सेर्माले भने- 'कुनै त्यस्तो जटिल समस्या देखिए नजिकका स्वास्थ्यकर्मी, जनप्रतिनिधि वा ९८५२६२७४४४मा सिँधै मलाई फोन गर्नुहोस् ।' शिवसताक्षी नगरले अतिविपन्न वर्गका नगरवासीको कोरोना परीक्षण र अस्पतालसम्म जानका लागि एम्वुलेन्स सुविधा निःशुल्क गरेको छ । नगरप्रमुख सेर्माले सरकारी तथा निजी स्वास्थ्य संस्थामा पनि नगरपालिकाले संक्रमितको उपचारका लागि आवश्यक समन्वय गरेको बताए ।

नगरप्रमुख सेर्माले धरमपुरका अर्का संक्रमित गोपाल सापकोटासँग पनि साक्षात्कार गरेका छन् । सापकोटाले आफ्नो स्वास्थ्य समस्या नगरप्रमुख सेर्माले सुनाउँदै भने- केहीबेर अघिसम्म ज्वरो बढिरहेको थियो । अहिले घटेको छ ।' नगरप्रमुख सेर्माले परहेजमा बस्न र पोषिलो खानेकुरा खान उनलाई पनि आग्रह गरे । जीउ दुख्ने, हाडजोर्नी कट्कटी खाने, ज्वरो घटबढ हुने, बान्ता आउन लागे जस्तो हुने लगायतका लक्षण उनमा देखा परेको छ । बेलाबेला सास फेर्न गाह्रो हुने लक्षण पनि उनमा छ ।

शिवसताक्षी नगरपालिकाले संक्रमितका घरमा रोग प्रतिरोधात्मक क्षमताका औषधि लिएर जाने अभियान नै सञ्चालन गरेको छ । एक सातामा शिवसताक्षी नगरपालिकामा रहेका कूल संक्रमितमध्ये १० जना संक्रमणमुक्त भएका छन् ।

# भारतमा कोभिड-१९का संक्रमितको संख्या घट्दै

**भारत, जेठ ४।** कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट ठूलो क्षति व्यहोरिरहेको भारतमा विगत २४ घण्टामा संक्रमित हुनेको संख्या घटेको पाइएको छ । सोमबार त्यहाँका २ लाख ८१ हजार ३६८ जना संक्रमित थपिएकामा मंगलबार त्यसमा केही कमी आएको छ ।

गएको २४ घण्टा यता मंगलबार बिहान प्राप्त भएको समाचारमा भारतमा कोरोना संक्रमितको संख्या २ लाख ६३ हजार जना मात्र पाइएको बताइएको छ । यो संख्या गत अप्रिल २१ तारिखपछि कै सबैभन्दा कमी भएको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मंगलबार जनाएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई लाख ६३ हजार ५३३ जना नयाँ संक्रमित भेटिएका हुन् । सो मन्त्रालयले यहाँ अघिल्लो अप्रिल महिनाको तुलनामा हरेक दिन संक्रमितहरुको संख्या घट्दै गएको देखिएको हो । अघिल्लो महिना यहाँ दैनिक कम्तीमा पनि ४ लाख मानिसमा संक्रमण देखिने गरेको थियो । त्यसैगरी यहाँका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीमा गएको २४ घण्टा यता यहाँका ४ हजार ३२९ जनाको कारोना संक्रमणबाट मृत्यु भएको छ ।

मंगलबार सार्वजनिक भएको यो तथ्यांकसँगै भारतमा कोरोना भाइरसको संक्रमणबाट अहिलेसम्म २ लाख ७८ हजार ७१९ जनाको ज्यान गएको पनि बताइएको छ । मन्त्रालयका अनुसार कोभिड-१९ संक्रमितको कूल संख्या दुई करोड ५२ लाख २८ हजार ९२९ पुगेको छ । भारतमा संक्रमित व्यक्तिको संख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन भने नगर्ने जनाएको छ । तर, कतिपय शहरमा भने लगाइएको छ ।

## झापामा ...

इलामका निरौला थरका ५५ वर्षीय पुरुषको समेत कोरोना संक्रमणबाटै मृत्यु भएको बताइएको छ ।

त्यस्तै बाह्रदशी गाउँपालिका-५मा कोरोनाको लक्षण भएका एक पुरुषको मृत्यु भएको छ । श्वासप्रश्वास, ज्वरो लगायतका समस्या भएका राजवंशी समुदायका ५२ वर्षीय पुरुषको घरमै मृत्यु भएको हो ।

गौरादह-७ निवासी नेपाली कांग्रेसका पूर्वनगर सभापति कृष्णहरि थपलियाको पनि कोरोना संक्रमणवाट मृत्यु भएको छ । थपलियाको काठमाडौंमा उपचारका क्रममा सोमबार बेलुकी ७ बजे मृत्यु भएको हो । मेरुदण्डको समस्या लिएर थपलिया दुई साताअघि उपचारका लागि काठमाडौंको हरिसिद्धी अस्पताल गएको र त्यहाँ उपचारका क्रममा संक्रमण समेत पुष्टि भएको बताइएको छ ।

# ३० वर्षदेखि कपाल नकाटेपछि...



**काठमाडौं ।** जर्मनीमा एक परीको कथा निकै चर्चित छ । कथाकी ती परीको नाम रापुञ्जेल हो, जसको सुनौलो तथा निकै लामो कपाल हुन्छ । कथाकी ती रापुञ्जेल परी जस्तै देखिने रहरमा युक्रेनमा एक महिलाले ३० वर्षदेखि आफ्नो कपाल पालिरहेकी छिन् र अहिले उनको कपाल साढे ६ फिट लामो छ ।

रियल लाइफ रापुन्जेल भनिने युक्रेनी महिला एलेना क्राभ्चेन्कोले ५ वर्षको उमेरदेखि कपाल काटेकी छैनन् । महिलाको कपाल जति लामो भयो उति राम्रो हुन्छ भनेर आफ्नी आमाले भनेसँगै उनले बाल्यकालदेखि नै कपालको स्याहार सुरु गरेकी थिइन् । अहिले ३५ वर्ष उमेर हुँदासम्म उनले कपालको स्याहार सुसार गरिरहेकी छिन् र उनको स्याहार बमोजिम नै कपाल निकै लोभलाग्दो बनेको छ ।

उनको कपाल यति लामो छ कि उनी हिँड्दा समेत कपालले भुइँ सोहोर्छ । कपालको स्याहार गर्न त्यति सजिलो छैन । उनले हप्तामा एक दिनमात्रै कपाल नुहाउँछिन् । नुहाउँदा कपाल नटुटोस् र नझरोस् भन्नका लागि निकै सावधानी अपनाउनु पर्दछ । त्यसैले कपाल नुहाउनका लागि मात्रै उनलाई आधा घण्टा लाग्दछ ।

उनले कहिल्यै पनि कपाल काइँयोले कोर्दिनन् र सुकाउनका लागि हेयर ड्रायरको प्रयोग पनि गर्दिनन् । प्राकृतिक रुपमै कपाल सुकाउँछिन् उनले । आफ्नो परीजस्तै कपालका कारण सोसल मिडियामा एलेना निकै लोकप्रिय छिन् । इन्स्टाग्राममा उनका फलोअर्सको संख्या ६० हजार भन्दा धेरै छ ।

# अनन्याको बलिउड यात्रा

बलिउड नायिका अनन्या पाण्डेले चलचित्र 'स्टूडेन्ट अफ दि इयर २' बाट बलिउडमा प्रवेश गरेकी थिइन् । कलाकार चंकी पाण्डेकी छोरी अनन्याको बलिउड यात्रा २ बर्ष पूरा भएको छ । अनन्याले २ बर्षमा बलिउडमा राम्रो छाप छाडेकी छिन् । आज उनको हातमा बलिउडका ठूला कम्पनीका चलचित्र छन् ।

भारतीय मिडियासँग कुराकानी गर्दै अनन्याले आफ्नो लागि बलिउडको यात्र शानदार भएको उल्लेख गरेकी छिन् । उनले आफ्नो सपना पूरा भएको बताएकी छिन् । उनले भनिन्- 'दर्शकको माया, आशिर्वाद र सहानुभूति नभएको भए म यो स्थानमा पुग्ने थिइनँ । मानिसहरुले मलाई जुन तरिकाले माया दिएका छन्, त्यो मेरो मनको नजिक छ । मलाई साथ दिने निर्देशक, प्राविधिक, कलाकार सबैलाई म धन्यवाद दिन चाहन्छु, जोसँग मैले काम गरेको छु । मैले सबैबाट केही न केही कुरा सिकेकी छु । म धन्यवाद मेरा फ्यानहरुलाई दिन चाहन्छु, जसले मलाई यति धेरै माया दिएका छन् ।'

अनन्याले साउथका स्टार बिजय देवरकोन्डाको साथमा 'लाइगर' मा काम गरिरहेकी छिन् । साथै, उनले नायिका दीपिका पादुकोण र सिद्धार्थ चतुर्वेदीको साथमा पनि एक चलचित्रमा काम गरिरहेकी छिन् ।



## पाँचथरको ...

बताउँछन् । सोमबार नै हिलिहाङकै वडा नं. १मा पाँचमा सङ्क्रमण देखिएसँगै उक्त गाउँपालिकामा मात्रै सङ्क्रमतिको सङ्ख्या ३९ पुगेको घिमिरेको भनाइ छ ।

गाउँपालिका अध्यक्ष भुवानीप्रसाद लिङ्देनले बिरामीको सङ्ख्या बढ्दै गएको भन्दै जटिल बिरामीलाई तत्कालै उद्धार गर्ने प्रबन्ध मिलाइएको बताए । गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारमा अक्सिजनसहितका १० शय्या तयार पारेको छ । कन्ट्याक्ट ट्रेसिङमा परेका तथा लक्षण देखिएका बिरामीलाई प्राथमिक स्वास्थ्य केन्द्रमै एन्टिजेन परीक्षण गर्ने प्रबन्ध मिलाइएको अध्यक्ष लिङदेनले बताए । तर गाउँबस्तीमा सङ्क्रमित थपिँदै जाँदा चुनौती थपिएको छ- उनले भने ।

प्रमुख जिल्ला अधिकारी पुण्यप्रसाद ढकालले विवाह, व्रतबन्धलगायतका भीडभाड हुने कार्यका कारण जिल्लाका गाउँबस्तीमा कोभिड-१९ सङ्क्रमण देखिएको बताए । प्रजिअ ढकालले भनेजस्तै फिदिम नगरपालिका-११ नांगीन, याङवरक गाउँपालिका-१ च्याङथापू, फालेलुङ गाउँपालिका-२ एकतीनमा विभिन्न धार्मिक कार्यक्रमका कारण सङ्क्रमण बस्तीसम्म फैलिएको पाइएको छ । यी स्थानमा ज्वरो, रुघाखोकीका बिरामीको सङ्ख्या उल्लेख्य रहे पनि धेरैको परीक्षण नै हुनसकेको छैन ।

**निषेधाज्ञा दुई साता थपियो**

पाँचथरमा थप दुई साताका लागि निषेधाज्ञा घोषणा गरिएको छ । नयाँ भेरिएन्टको कोरोना सङ्क्रमण जिल्लामा निकै तीव्ररूपमा फैलिँदै गएको भन्दै सङ्क्रमणको 'चेन ब्रेक' गर्न सङ्क्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ को अधिकार तथा मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रमुख जिल्ला अधिकारी ढकालले मध्यरात १२ बजेदेखि यही जेठ १७ गते मध्यरातसम्मका लागि निषेधाज्ञाको आदेश जारी गरेका हुन् ।

निषेधाज्ञा अनुसार सर्वसाधारणले अत्यावश्यक काम तथा औषधि उपचारको प्रबन्धका लागि मात्रै घरबाहिर निस्कन पाउनेछन् । यस अवधिमा अन्य कुनै पनि भीडभाड हुने गतिविधि गर्न रोक लगाइएको छ । सरकारी कार्यालयलाई अत्यावश्यक बाहेकका अन्य सम्पूर्ण सेवा स्थगन गर्न निर्देशन दिइएको छ । यस्तै बैंक तथा वित्तीय संस्थाले सातामा तीन दिन मात्रै सेवा दिन पाउने भएका छन् । सहकारी तथा वित्तीय संस्थाले घरघरमा गई रकम सङ्कलन गर्ने कार्यसमेत बन्द हुने भएको छ ।

व्यापार व्यवसायतर्फ फलफूल, दूध तथा दूग्धजन्य पदार्थ र सागसब्जी बिक्री गर्ने पसल सबै दिन बिहान ५ बजेदेखि ९ बजेसम्म सञ्चालन हुनेछन् । खाद्यान्न, एलपी ग्यास, निर्माण सामग्रीलगायत बिक्री गर्ने पसल आइतबार, मङ्गलबार र शुक्रबार बिहान ५ बजेदेखि ९ बजेसम्म खुल्न पाउने भएका छन् । जिल्लामा हालसम्म १४५ जनामा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । तीमध्ये एक जनाको मृत्यु भएको छ ।

## प्रदेश नं. १मा ...

पनि दोस्रो लहरले गाउँ-गाउँका मानिसलाई सङ्क्रमित बनाइरहेको छ । तर, सरकारी पक्षबाट पहाडलाई जति प्राथमिकतामा राख्नुपर्ने हो त्यति नराखिदिएको पहाडी जिल्लाका सर्वसाधारणले बताउने गरेका छन् ।

प्रदेश नं. १की सामाजिक विकासमन्त्री उषाकला राईले पनि पहाडलाई यति धेरै प्रभाव पार्छ भन्ने कुरा नसोचिएको बताइन् । उनले भनिन्- यस्तो होला भन्ने सोचिएको थिएन । अब अहिले आएर परीक्षण तथा उपचारका लागि संरचनामा लगानी गरौँ न भन्दा ती संरचना सञ्चालन गर्ने जनशक्ति कहाँबाट ल्याउन ? आफ्नो तर्फबाट जनशक्ति व्यवस्थापन तथा संरचना निर्माणका लागि संघीय सरकारसँग आग्रह गरिएको उनले बताइन् । पहाडी जिल्लाहरूमा सामान्य अक्सिजनसहितको शय्या संख्या बढाउन पनि समस्या भइरहेको मन्त्री राईको

## विश्व ...

भनाइ छ।' बीबीसी

रहेका व्यक्तिले खोप लगाउनै पाएका छैनन् । यसअघि, अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमबार आगामी छ हप्ताभित्रै आफूसँग रहेको आठ करोड डोज खोप उपलब्ध गराउने घोषणा गरेका थिए ।

राष्ट्रपति बाइडेनले भन्ने- आज, विश्वलाई नै मद्दत गर्न हामी नयाँ उपाय अवलम्बन गर्दैछौं । विश्वभर कोरोनाभाइरस नियन्त्रणमा नआउँदासम्म हामी महामारीबाट सुरक्षित भइहाल्ने अवस्था छैन । जतिसुकै अग्लो पर्खाल बनाए पनि वा जतिसुकै फराकिलो समुद्रले पनि हामीलाई सुरक्षित राख्न सक्दैन ।

## ईक्यानद्वारा ...

बचाउन सहयोग पुगोस् भनेर एक थान सिलिण्डर बापत १५ हजार रुपैयाँ प्रदान गरे थिए ।

त्यस्तै नेपाल पत्रकार महासंघ झापाका निवर्तमान सहसचिव तथा नेपाल टेलिभिजनका संवाददाता इन्द्रजित मुखिया, श्रीमती अनिता, छोरा अदिप र छोरी इश्माले आफ्नो परिवारको तर्फबाट एक थान सिलिण्डरबापत १५ हजार रुपैयाँ प्रदान गरे । मुखियाका नातेदार सुमित्रा मुखिया, मेरिना मुखिया र सञ्जीव मुखियाले समेत एक/एक थान सिलण्डरको रकम प्रदान गरे । उनीहरुको तर्फबाट सो रकम पनि इन्द्रजितले प्रदान गरेका थिए ।

अक्सिजन अभावमा धेरैको ज्यान गइरहेको तथा झापामा पनि अक्सिजन सिलिन्डर अभाव हुन थालेपछि कोरोना संक्रमितको उपचारमा सहयोग गर्न अभियानले अक्सिजन बैंक स्थापना गरेको हो । अभियानका परिकल्पनाकार तथा संयोजक गिरीका अनुसार तत्काललाई पहिलो चरणमा चार सय थान अक्सिजन सिलिन्डर खरिद गरिएको र थप सिलिण्डर चीनबाट ल्याउने प्रक्रिया अघि बढाइएको छ । यो समाचार तयार पार्दासम्म ३० लाख रकम संकलन भइसकेको छ । अभियानसँग हाल २० लाख रुपैयाँ बचत रहेको सह-संयोजक बिनोद बस्नेतले जानकारी दिए । ४०० थान सिलिन्डरका लागि लागभग ६० लाख रुपैयाँ लाग्ने बताइएको छ ।

अभियानले चीनबाट सिलिन्डर ल्याउन प्रक्रिया अघि बढाएको छ । ४८ लिटर क्षमताका ती सिलिन्डर एयर कार्गोमार्फत काठमाडौँ हुँदै झापा ल्याइने संयोजक गिरीले बताए । ४०० थान सिलिन्डरका लागि ढुवानीसहित लगभग ६० लाख रुपैयाँ लाग्ने बताइएको छ । सहारा नेपाल साकोस र अन्तर्राष्ट्रिय झापाली समाजले अक्सिजन वैंकका लागि एक/एक सय थान अक्सिजन सिलिन्डर प्रदान गर्ने प्रतिवद्धता जनाइसकेका छन् ।









श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# आत्मचिन्तनको खाँचो

**राजनीति गर्नेहरू मुखले एउटा बोल्छन् र काम अर्को गर्छन् – यो विगतले प्रमाणित गरिसकेको छ । तर पनि जनताले उनीहरूका कुरा सुन्नु, मान्नु र पत्याउनु परेको छ । जे भने पनि मान्ने भएकैले नेपालीले आज पर्यन्त दु:ख पाइरहेका छन् । सोझा सिधा जनतालाई जसरी पनि हात लिन सकिने विश्वासमा भ्रमको खेती गर्न सिपालु राजनीतिकर्मीलाई न कानुनले छेक्छ न त संविधानले रोक्छ । उनीहरू स्वयम्लाई विज्ञ ठान्छन् र कुनै विज्ञको सुझाव निरर्थक हुन्छ । इतिहासको लामो कालखण्डमा सार्वभौम जनताले मृत्युलाई शायदै यति नजिकबाट अनुभूत गरेका थिए । सन् ०१९ को अन्त्यतिर पहिचान भएको कोरोनाभाइरसले उत्पन्न गरेको त्रासदी र परिवारजनसँगको चिरवियोगले भोग्नु परेको पीडालाई शब्दले शायद वर्णन गर्न सकिँदैन ।**

**राजनीति गर्नेहरूको मूल धर्म र दायित्व भनेकै जनताको दु:खमा सँगै हिंड्नु हो । तर , हाम्रा सर्वज्ञले यत्रो महामारीलाई यति हलुका बनाइ दिएकी सोझा जनताले ठाने ‘बडाले जो गऱ्यो काम, हुन्छ त्यो सर्वसम्मत’ । अर्थात् रोग प्रतिरोधी क्षमताले यस्ता विपत् सहजै भाग्नेछन् । त्यही कारण हुनसक्छ राजनीति गर्नेले जता बोलायो, जहिले बोलायो दौडिए । आज त्यसकै परिणाम हो कि ‘नखाएको विष लागेर’ पाँच हजारभन्दा बढीले स्वजनलाई पूरा नहुने क्षति दिएर जीवन गुमाउनु परेको छ। यो वियोग र पीडाको यात्रा कहिले टुङ्गिन्छ कसैलाई थाह छैन । यही साता सङ्क्रमणको दर घटेको तथ्याङ्क सुन्दा र पढ्दा केही आशाको सञ्चार भएको थियो तर, लगत्तै मृत्यु संख्या र सङ्क्रमण दर बढेर निराश बनाएको छ । यत्रो महामारीमा जीवन गुमाउनेहरूको सूचीमा राजनीति गर्नेहरू न्यून छन् । आफू नपरी नचेत्ने मानसिकता भएकाले सत्ता सञ्चालकहरूलाई यो त्रासदीले गम्भीर बनाएकै छैन।**

**आजको यस्तो असहज र गम्भीर परिस्थितिमा सचेत जनता भने सहयोगको हात उठाएर कोरोनाबिरूद्धको लडाइँमा अघि देखिन थालेका छन् । कतै सहयोगापेक्षीलाई खाद्य वस्तु प्रदान गर्न, कतै सङ्क्रमितहरूका लागि आइशोलेसन सेन्टर बनाउन र चलाउन त कतै प्राणवायु अक्सिजन नपाएर मृत्युवरण गर्ने अबस्थाका बिरामीलाई बचाउन । जनताको स्वस्फूर्त यस्तो जागरणले राष्ट्रिय विपत्तिको नियन्त्रणमा कति सहयोग पुग्छ त्यो अभियानकर्मीहरूको हौसलामा भर पर्छ । तर , उनीहरूको नि:स्वार्थ, निस्पृह र निरन्तरको जागरूकता अनुकरणीय र वन्दनीय छ। उनीहरूको त्याग, सेवा र समर्पण भोलि इतिहासमा अङ्कित हुनेछ र राजनीतिको माध्यमबाट समाजसेवा गर्छौं भन्नेहरू एक्लिनेछन् । जब जनताको चेतनाले आकार लिन्छ तब झुटको खेती धराशायी हुन्छ।**

**सबैभन्दा ठूलो कुरा जीवन हो, जुन इच्छाले प्राप्त गर्न सकिँदैन। यस्तो अमोल जीवनलाई शारीरिक, मानसिक र सामाजिक रूपले सुरक्षित राख्ने पहिलो जिम्मेवारी हामी प्रत्येकको हो । तसर्थ महामारीले परिवारजनलाई जबर्जस्ती खोसिरहेको पीडाका बीच पनि जीवन रक्षाका लागि फेरि पनि सामुहिक प्रयास गर्नुपर्छ । सरकारको आशा गरेर चिन्ताग्रस्त मानसिकता बोकेर एक वर्ष पर्खियौं। आखिर परिणाममा आफ्नो, आफन्तको, गुटको, दलको हितको रक्षा बाहेक आमजनताको पक्षमा, आमजनताको जिउधनको रक्षामा र सेवा विस्तार र पहुँचको दिशामा कति उपलब्धि भएछन् आफैंले मूल्याङ्कन गरौं । त्यसकै आधारमा नयाँ मार्ग, नवीन लक्ष्य र नवसङ्कल्प गरौं कि आउने दिन आफूलाई होइन जनतालाई, आफ्नालाई छैन जनतालाई, गुटलाई होइन जनतालाई र दललाई होइन जनतालाई भन्ने दृढता बलियो हुन सकोस् ।**

# कोरोना बिजेता बजेट अपेक्षा



खिमलाल देवकोटा

**थालनी**

नोबेल कोरोना भाइरस (कोभिड १९) विरुद्ध एकाकार भई लड्न पर्ने भएकै कारणले विश्वव्यापी मापदण्डहरूको विकास गर्नमा विश्व सारा शक्ति खर्चेर लागेको छ। विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) विश्वभर अनुगमन गर्ने, तदनुकूलका नीति बनाउने र लागू गरेर मानवलाई यो भाइरसको प्रकोपबाट बचाउने ध्येयका साथ लागेको छ। यही मेसोमा नेपालमा पनि अब वार्षिक बजेट पेस गर्ने समय आएको छ। कोरोनासँग लड्न सक्ने बजेट के कति र कस्तो हुनपर्ला भन्ने बारेमा सामान्य चर्चा गर्ने ध्येय यो आलेखमा छ।

**नेपाली परिवेश**

कोरोनाको दोस्रो लहरले नेपाललाई आक्रान्त पारेको छ। तीन करोड जनसंख्या भएको मुलुकमा दैनिक सात-दश हजार जना सङ्क्रमित हुने र दुई-तीन सयभन्दा बढीको मृत्यु हुने कुरा विल्कुल स्वाभाविक होइन। सङ्क्रमणको गति थामिनसक्नुछ। घर घरमा यसको प्रभाव देखापरेको छ। यसले छोएपछि घर परिवार सबै एकै पटक सङ्क्रमित हुने र सबै परिवेश मिले सबैले कोरोनालाई जित्ने, मेसो नमिले सबैले मृत्युवरण गर्नुपर्ने अवस्था देखिन थालेको छ। कुल सङ्क्रमित संख्या साढे चार लाख र मृत्युको संख्या पाँच हजार पुग्दैछ। यसैगरी पौने तीन लाख जनामा परीक्षण गरिएकोमा सवा लाख सक्रिय सङ्क्रमित रहेका छन्।

दोस्रो लहर फैलँदा तयारी गर्ने लगभग एक वर्षको अवधिमा पनि अस्पतालमा आई.सी.यु.को सङ्ख्या भने सोह्र सयभन्दा घटी छ, भेन्टिलेटरको संख्या जम्मा चार सय ८० मात्रै छ। अक्सिजनको अभाव अर्को कहालीलाग्दो अवस्था हो। सरकारी अस्पतालले समेत पनि अब अक्सिजनको अभावका कारण बिरामी बचाउन नसक्ने मिति नै तोकेर आफैँ व्यवस्था गर्न वा डिस्चार्ज हुन सूचना जारी गर्ने, अक्सिजनको प्राप्तिका लागि छिनाझप्टीका खबरहरू सार्वजनिक भएका छन्। कुल जनसंख्याको जम्मा सात प्रतिशतले मात्रै पहिलो मात्रा खोप लगाउन पाएका छन्। दोस्रो मात्रको ठेगान छैन। कानून संशोधन गरी अग्रिम भुक्तानी दिएर पनि भारतबाट बाँकी खोप भित्रिन सकेको छैन। उता उत्तरको छिमेकी संसारभर खोप अनुदान वा बिक्रीमा व्यस्त छ। नेपाल उसको प्राथमिकतामा देखिन्न। नेपाल सरकार पनि खोप खरिदका लागि उत्तरतर्फ फर्कन चाहेको देखिएन। सरकारले खोप र उपकरणहरूका लागि कूटनीतिक क्षेत्र परिचालन गरिरहेको खबर आएका छन्। यस्तो महामारी अवस्थाको सामना गर्ने बजेट कस्तो आउला ? स्वाभाविक चासो छ।

**कोरोना बजेट**

विगत तीन दशकको बजेटको तुलनात्मक अध्ययन गर्दा कूल गार्हस्थ उत्पादनमा बढोत्तरी भएकोमा विवाद छैन। तर सोको दाँजोमा ऋण डरलाग्दो गरी बढेर झण्डै ४० प्रतिशतको हाराहारीमा पुगेको छ। कूल गार्हस्थ उत्पादनको दुई प्रतिशतभन्दा बढी ऋण लिने नगरिएको अवस्थामा हाल आएर यो प्रतिशत छ प्रतिशतमा पुगेको छ। प्रतिव्यक्ति ऋण भार ६५ हजार पुगेको छ। यस्तो अवस्थामा पनि कोरोनाविरुद्ध जुध्ने बजेट बनाउनुको विकल्प छैन।

कोरोनाविरुद्ध जुध्न सक्षम बजेट हुनका लागि स्वास्थ्य क्षेत्रमा केन्द्रित एक बलियो स्वास्थ्य




सार्वजनिक कोषको स्थापना गर्दै अर्थ व्यवस्था र स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन सार्वजनिक खर्च पुनरावलोकन प्रभावकारी ढङ्गले गर्न जरुरी छ भन्ने विज्ञहरूको सिफारिस छ। यसका अलावा विद्यामान बजेटबाट कोरोनाका निम्ति खर्च कति र कसरी गर्न सकिन्छ त्यसतर्फ सम्पूर्ण ध्यान केन्द्रित गर्ने, विद्यमान वित्तीय कानुनहरूमा संशोधन गरेर कोरोनाविरुद्ध लड्ने कार्यलाई गति दिन खर्च व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने अर्को प्रश्नमा केन्द्रित हुने र विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन र कोरोनाविरुद्ध लड्ने जनशक्तिको समुचित सुरक्षाका लागि पर्याप्त बजेटको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा चिन्तन गरेर मात्र बजेट बनाउन पनि सुझाएको छन्।

अघिल्लो वर्षको कोरोनाको माहौलका बीचमा चीनले जनवरी २०२० मा बजेटसम्बन्धी आदेश जारी गरेर कोरोना नियन्त्रणका लागि सबै बजेट खर्च गर्नमा लगाइएका सबै अवरोधको अन्त गरिदियो। फ्रान्स, जर्मन इटलीजस्ता युरोपेली देशहरूले बजेटका स्रोतहरूको खोजी र व्यवस्थापनका लागि स्वतन्त्र हुने गरी विभिन्न आदेश जारी गरेर रोगविरुद्ध लड्ने प्रतिबद्धता जनाए। इन्डोनेसियाका अर्थमन्त्रीले ठूलो धनराशिको राहत कोष खडा गरे। जापानजस्ता विकसित मुलुकहरूले पनि स्वास्थ्य बीमा कोष खडा गरे। फ्रान्सले मास्क र कोरोना परीक्षणका लागि मात्रै दुई अर्ब युरोभन्दा बढीको स्वास्थ्य बीमा कोष खडा गऱ्यो। यसैगरी कोरिया, फ्रान्स, जर्मनी, जापान, अमेरिकालगायतका मुलुकहरूले पूरक बजेटमार्फत आफ्ना आवश्यकताहरू परिपूर्ति गरे। खर्च कटौतीका व्यापक योजनाहरू सार्वजनिक गरे। कोरोना नियन्त्रणका लागि अग्रभागमा खटिने जनशक्तिका लागि सुरक्षाको प्रत्याभूतिका लागि खर्चको अभाव हुन नदिन कैयौं उपाय बजेटमा नै समावेश गरे। त्यसैको परिणाम स्वास्थ्य प्रणाली सुदृढ भए। यही अवधिमा पनि स्वास्थ्य प्रणाली सुदृढ पारिएका देशहरूमा तुलनात्मक रूपमा भयको अवस्था झेल्न परेन। यस्तै अनुभवहरूले के शिक्षा दिएको छ भने अर्थतन्त्र जनताको जीवन रक्षामा समर्पित हुन जरुरी छ। अर्थतन्त्रभन्दा जनताको जीवन ठूलो हुँदैन भन्ने उक्ति कुनै पनि हालतमा सही हुन सक्दैन। जनता बचाउने अर्थतन्त्र निर्माण आजको आवश्यकता हो भन्ने शिक्षा पनि विश्वका अनुभवहरूले देखाएको छ।

**अपेक्षा**

कोरोनाको पहिलो अनुभवका आधारमा दोस्रो लहरलाई सामना गर्ने दोस्रो बजेटको सँघारमा नेपाल उभिएको छ। संवैधानिक बाध्यताका कारण जेठ १५ गते सङ्घीय तहको बजेट, असार १ मा प्रदेश र असार १५ भित्र स्थानीय तहले आ आफ्ना बजेट पेस गर्न अनिवार्य छ। त्यसो त संसद्मा विश्वासको मत प्राप्त नगरिसकेको अवस्थाको सरकारले ल्याउने बजेटका बारेमा टीकाटिप्पणी हुन थालिसकेको छ तथापि राज्यले बजेट ल्याउनै पर्ने बाध्यता छ। यो बाध्यताका बीच आउने बजेटले सार्वजनिक सरोकारलाई सम्बोधन गर्न जरुरी छ। जनतालाई रोग र भोक दुवैबाट जोगाउन सक्षम बजेट अहिलेको खाँचो हो। रोगबाट जोगाउन निषेधाज्ञा गरिएको छ, अक्सिजन, उपकरण आदिको व्यवस्था गरिँदैछ तर पनि सङ्क्रमितहरू उपचार पाउन नसकेर प्राण त्याग्न बाध्य छन्। निषेधाज्ञाका कारण दैनिक जनजीवन ठप्प छ। दैनिक मजदुरी गर्नेहरू भोकभोकै बस्न बाध्य छन्। जनतालाई भोकबाट जोगाउने उपायको पनि खोजी गर्न जरुरी छ।

तीन करोड जनसंख्या व्यवस्थापन गर्न नसकिने संख्या होइन। यसका लागि व्यापक परीक्षण, व्यापक खोप र रोक फैलनबाट रोक्न व्यापक सावधानी नै आगामी बजेटका केन्द्र भाग हुन जरुरी छ। कोरोनाका कारणले जागिरे र वेतनधारीहरू, लाभको पदमा आसीनहरू र हुनेखानेहरूलाई घरमै बसेर रकम बैङ्क खातामा जम्मा भएको छ। काम पनि गर्न नपर्ने तलब पनि जम्मा भइरहने गजबको संयोग यो वर्गका लागि जुटेको छ।

तर हुँदा खाने वर्गका लागि भने यो अवधि अर्को कहर बनेको छ। काम गर्न नपाउने, कामका लागि बाहिर निस्कन पनि नपाउने र दैनिकी धान्ने अर्को उपाय पनि नहुनेहरूका लागि रोगले मर्नबाट बचाएर के भयो, भोकले मरिने भयो भन्ने भय जमेको छ। यो वर्गका लागि राहत कार्यान्वयन पहिलो प्राथमिकतामा पर्न जरुरी छ। परीक्षण, उपचार र खोप कहीँ कतै पहुँच नभएकाहरू जो वर्ग रोग र भोक दुवैको दोहोरो मारमा परेको छ उसका लागि खोपको कुनै योजना देखिन्न। यस्तो अवस्थाले जनताप्रतिको उत्तरदायित्व पूरा हुँदैन।

**अन्तमा**

रोगबाट बचाउन परीक्षण र उपचारमा सहज पहुँचको सुनिश्चिता राज्यले देखाउन पर्छ। यसका लागि अस्पताल बेड, अक्सिजन, भेन्टिलेटरसहितको उपचार सेवाको विस्तार गर्नेतर्फ बजेट केन्द्रित हुन जरुरी छ। निषेधाज्ञा जारी भएका कारण आधारभूत वर्ग भोकको मारमा ज्यान गुमाउन नपरोस् भन्ने कुरालाई आत्मसात् गरी आगामी बजेटले त्यसतर्फको संवेदनशीलतालाई सम्बोधन गर्नका लागि राहत प्याकेजको व्यवस्था गर्न जरुरी छ।

दीर्घकालीन रूपमा कोरोनाबाट पार पाउन खोप नै एक मात्र उपाय हो। यसका लागि राज्यले पर्याप्त खोपको आपूर्ति र आम जनतालाई खोप दिलाउने भरपर्दो व्यवस्थासँगै आम जनताको विश्वास जित्न जरुरी छ। सङ्कटमा जनताका निम्ति राज्य छैन भने सहजतामा राज्यले जनता खोजेर पनि पाउने छैन। (गोप)

(लेखक वरिष्ठ अधिवक्ता हुनुहुन्छ।)

# सरम सकिएको सरकार !




रवीना मैनाली

यो द्वन्द्व हो। स्वास्थ द्वन्द। आज बिश्व कोरोना भाइरससँग स्वस्थसगको लडाइँ लडिरहेको छ। विश्व त्रसित पार्ने यो भाइरसले संसारका हर औषधिलाई पराजित गरेको छ। यसले बिज्ञानलाई त्रसित बनाएको छ, जसले गर्दा यसलाई बहसमा लिन सकिएको छैन। तीब्र गतिमा बडेको यो भाइरसको सङ्क्रमणले बिश्व स्वस्थसँग आफ्नो हुकुम चलाहिहरेको बेला यो घडीमा स्वास्थ द्वन्द्वसँग हामी नेपालीहरु पनि उच्च जोखिममा रहन पुग्यौं। सुरक्षित रहन सकेनौ।

नेपालमा लाखौं जनतामा सङ्क्रमण भएको यो कोरोना भाइरसले यतिबेला तीब्र गति लिएको छ। धेरैको ज्यान भकाभक रुपमा लिइरहेको छ। जसले गर्दा बिश्वको उच्च जोखिम रहेको देशहरुमा नेपाल पनि पर्दछ। यो स्वस्थ्य द्वन्द्व सँगसँगै हामी नेपाली नागरिकले राजनीतिक द्वन्द्व पनि सँगसँगै झेलिरहनु परेको छ। कहिले के कहिले के राजनीति वृत्तचित्र र समीकरण स्थिर रहन सकेको छैन। यो महामारीको भयावह समयमा राजनीतिको चपेटामामा नेपाली जनताको स्वस्थ्यलाई मुसिएको छ। जनताको स्वस्थसँग लापरबाही र खेलवाड गरिएको छ। सरम सकिएको सरकारको औषधि र खोपमा कुटनीति कमजोर रहँदा यो भयावह परिस्थितिलाई आज नेपाली जनताले झेल्नुपरेको हो। नेपाली जनताले अस्पतालका बेड, पेटी, आँगनमा बसेर उपचारको आश गर्दागर्दै मृत्युलाई अंगल्नु परेको आजको परिस्थिति बनेको छ। यो परिस्थिति त्यतिकै बनेको होइन यो बनाइएको परिस्थिति हो। यो परिस्थितिको सृजना सरम सकिएको सरकारले गरेको हो। सतर्कता अपनाउन नसक्नु र सरकारले पनि देश, नागरिक र महामारीलाई हलकामा लिनु नै उच्च संक्रमणको प्रमुख कारण हो।

आज मुलुकमा यो अवस्था आउनमा प्रधानमन्त्री ज्यू, सम्पूर्ण दलका बरिष्ठ नेताज्यूहरु र कमजोर कुटनीति कोरोनाको जोखिम बढनुको प्रमुख कारण हो। जनतलाई मृत्युको मुखमा पुऱ्याएर अलपत्र पर्ने र मर्न बाध्य बनाउने यही सरम सकिएको सरकार र नेताहरु हुन्। आफ्नो राजनीतिक शक्ति प्रदर्शन गर्न एक लाख र दुई लाख कार्यकर्ता भन्दै भेला, सभा आयोजा गर्दै हिंड्ने, कहिले के उद्घाटन र गोष्ठी भन्दै भीड जम्मा गर्ने। लाखौं, हजारौं जनतालाई एउटै प्राङ्गणमा भेला गराएर खोस्टो तुजुक देखाउने अनि ऐले तिनै जनता र कार्यकर्ता कोरोनाले प्याक प्याक भएर बाटो बाटोमा डल्दा आफ्नो सुरक्षा आफै गर भन्ने ? जनताको उपचारमा बजेट खर्च नगर्ने, कताबाट आफूलाई कमिशन आउँछ उतै तिर ऱ्याल चुहाउने, नेपाली जनताको इम्युन पावर धेरै छ भन्दै स्वस्थ्यसँग मजाक गर्ने, अहिले आएर कोरोनाले भयावह रुप लिँदै गर्दा मैले यो गतिमा कोरोना बढ्ला भनेर सोचेको थिइन् भन्ने कति सजिलो जवाफ।

इम्युन पावर धेरै छ सरकार नेपाली जनताको अब उनीहरुलाई कुनै औषधि खाए बिना नै रोग पचाउन सक्छन्। इम्युन पावर धेरै छ नेपालीहरुमा यो निषेधाज्ञामा केही नखाई र बाल बच्चालाई केही नखुवाई नै बाच्न सक्छन्। बस तिमी आफ्नो कुर्सीको ख्याल राख। जनताका लागि औषधि उपचारमा अलिकति पनि सोचेर समय बर्बाद नगर, तिमी कता बाट कति कमिशन आउँछ त्यता ध्यान देउ, अरे वा सरकार अस्पतालको पेटीमा गएर हेरि त हेर तिम्रो देश र जनताप्रतिको दायित्व र जिम्मेवार देखेर मर्ने बेलामा पनि नेपाली जनताले तिमीलाई धारे हात पारेर सलाम ठोक्दै छन्। जनताको स्वस्थसँग खेलबाड गरेर गरेको तिम्रो घिन लाग्दो खेल र फोहोरी राजनीतिले कर्मको फल एकदिन पक्कै पाउने छ।

यो महामारीमा लाखौं जनताको रुवाइ र दुखाई नसुन्ने नदेख्ने सरम सकिएको सरकार आँखामा पट्टी लगाएर र कानमा रुवा खादेर अझै कतिञ्झेलसम्म देश र जनताप्रति निर्दयी बन्न सक्छ ? अझै कति तिम्रो जनतालाई मुत्युको खाडलमा धक्ल्ने सपना छ ? यस्तो महामारीमा आफ्नो कुर्सी र पदका लागि सयौं भेला र सभा गर्नपछि नपर्ने निर्दय सरकार कतिञ्झेल चुप लागेर मरेका जनताको संख्या गन्दै बस्छ ?

चीन, भारत, रसियाको मुख ताकेर बस्दा नेपाली जनताले समयमा खोप लगाउन पाउलान् त सरकार? लगभग तीन लाख जनताले पहिलो चरणको खोप लगाए बाँकी खोइ ? यो अवस्थामा आफू केही नगर्ने अनि छिमेकीहरुँसँग मुख ताकेर बस्न अलिकति पनि सरम बचेको रहेन छ तिमिमा। तिम्रो यो दुई कौडीको सान र बोली केका निमित्त ? खोस्टो तुजुक केका निमित्त ? कुर्सीमा बसेर जनतालाई लात्तो देखाउने सरम सकिएको सरकार अस्पताल र अस्पतालका पेटीमा गएर हेर अकालमा ज्यान गुमाएका ती गरीब र लाचार जनताको आँशुको मूल्य आज नभए त भोलि चुकाउनै पर्छ। आँखा अगाडि सङ्क्रमण र मृत्यु दर बढी रहँदा अस्पतालहरु उपचार गर्नमा हात उठाउने अवस्थामा पुगे। कही दक्ष जनशक्तिको अभाव, कही औषधि, अक्सिजन, भेन्टिलेटर, आइसीयुको अभाव। यस्तो अवस्था देखिरहँदा प्रधानमन्त्रीज्यू भन्नुहुन्छ आत्तिने समय छैन, अस्पतालमा प्रशस्त बेडहरु छन्। अक्सिजन, भेन्टिलेटर, आइसीयु, एम्बुलेन्सको अभावले उपचार नपाएर अकालमा ज्यान गुमाएका ती जनताहरुको पीडा र आशुले तिमिलाई पनि सुख दिने छैन सरकार। खिस्स हाँस्दै कुर्सीमा बसेर मरेका जनता गन्न मात्र बनेको तिम्रो कुर्सीले एक दिन तिमीलाई नै लडाउने छ। हेर्दै जाउ जस्तो कर्म उस्तै फल पाउने छौ। कर्म अनुसारको फल त बिधिको बिधान नै हो।

# छठ महिला मञ्चद्वारा पत्रकार महासंघलाई मास्क प्रदान




**बिर्तामोड, जेठ ४।** छठ महिला मञ्च बिर्तामोडले नेपाल पत्रकार महासंघ झापा शाखालाई पत्रकारको स्वास्थ्य सुरक्षाका लागि कोरियन मास्क प्रदान गरेको छ।

छठ समाज सेवा समिति बिर्तामोडको समन्वयमा मंगलबार बिर्तामोडमा छठ महिला मञ्चले उक्त मास्क प्रदान गरेको हो।

पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलाई छठ महिला मञ्चकी अध्यक्ष हेमलता चौधरीले एक हजार पाँच सय थान मास्क हस्तान्तरण गरेकी हुन्।

मञ्चकी महासचिव निशा सोनी कर्ण, छठ समाज सेवा समितिका निवर्तमान अध्यक्ष घनश्याम चौधरीले संकटको घडीमा फ्रन्टलाइनमा रहेर काम गरिरहेका पत्रकारको स्वास्थ्य सुरक्षाका लागि मास्क प्रदान गरिएको बताए।

संकटको घडीमा सहयोग गरेकोमा महासंघका अध्यक्ष गिरीले छठ महिला मञ्च, छठ समाज सेवा समितिलाई धन्यवाद दिँदै अन्य दातालाई पनि सहयोगका लागि अपिल गरेका छन्।

कार्यक्रममा छठ समाज सेवा समितिका अध्यक्ष राजकुमार गुप्ता, सदस्य अशोक चौधरी, छठ महिला मञ्चकी उपाध्यक्ष संगीता साह, सदस्य पिन्की शर्मा, सल्लाहकार मीना चौधरी, पत्रकार महासंघ झापाका कोषाध्यक्ष रञ्जित प्रसाई, कार्यसमिति सदस्यहरु रञ्जित परियार, बिनोद पाण्डे लगायतको सहभागिता रहेको थियो।

## राउण्ड टेवल शाखा २७ले ५००० मास्क वितरण गर्दै

**मेचीनगर, जेठ ४।** कोभिड १९को पहिलो लहरमा यसको नियन्त्रण र रोकथाममा सक्रिय भूमिका निर्वाह गरेको बिर्तामोड राउण्ड टेवल शाखा २७ ले कोभिड १९ को नयाँ भेरियन्टको जोखिम कम गर्न पनि अग्रसर देखिएको छ।

कोभिड १९को पहिलो लहरमा इलाका प्रहरी कार्यालय विर्तामोडमा राउण्ड टेवल विर्तामोड शाखा २७ विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरेर सुविधासम्पन्न र उच्च प्रविधिको डिसइन्फेक्सन टनेल जडान गरेको थियो। हात धुनका लागि व्यवस्थित पानीका ट्याँकी र वेसन समेत शाखा २७ले जिल्लाका विभिन्न ठाउँमा जडान गरेको थियो।

यसैक्रममा कोभिड १९को नयाँ भेरियन्टको जोखिम कम गर्न बिर्तामोड राउण्ड टेवल शाखा २७ले जिल्लाका विभिन्न ठाउँमा उच्चस्तरीय मास्क वितरण गरेको छ। मंगलबार कमिलिया क्लोथिङ लिमिटेड बैङ्लोर र राउण्ड टेवल भारतबाट प्राप्त ५ हजार थान गुणस्तरीय थ्रीवीओ मास्क विर्तामोड राउण्ड टेवल शाखा २७ले वितरण शुरु गरेको हो।

पहिलो चरण अन्तर्गत इलाका प्रहरी कार्यालय काँकरभिट्टा, मेचीनगर-६मा रहेको सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट काँकरभिट्टा, पत्रकारका संघ-संस्थालगायतलाई मास्क प्रदान गरेको थियो।

बिर्तामोड राउण्ड टेवल शाखा २७का उपाध्यक्ष सुमित साहेवाला, प्रोजेक्ट कोअर्डिनेटर एवम् बिर्तामोड राउण्ड टेवल शाखा २७का सदस्य शरद जोशी, जनसम्पर्क अधिकारी तथा सदस्य दीपक मित्तल लगायतको टिमले ती सामग्री प्रदान गरेको थियो।

इलाका प्रहरी कार्यालय काँकरभिट्टालाई प्रदान गरेको २ सय थान मास्क प्रहरी नायव उपरीक्षक सुनिल दाहालले सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट काँकरभिट्टालाई प्रदान गरिएको १ सय ५० थान मास्क वीओपी पति सशस्त्र प्रहरी निरीक्षक प्रेम राईले ग्रहण गरेका थिए। राउण्ड टेवल एउटा सामाजिक संस्था भएकाले समाजका हरेक गतिविधिहरुलाई राम्ररी हेरिरहेको र विभिन्न समस्यामा परेकाहरुलाई मलम लगाउने काम यसले गर्दै आएको र यसको संगठन विश्वभर नै छ।

शिक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गर्दै आएको यस संस्थाको विर्तामोड शाखा २७ले अहिले कोभिड १९का बिरामी र उनीहरुको परिवारलाई खानालगायत अन्य सेवा प्रदान गर्दै आएको जनाइएको छ। पहिलो चरण अन्तर्गत कोभिड १९को नियन्त्रण र रोकथाममा अग्रभागमा सक्रिय सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मीहरुलाई स्वास्थ्य सामग्री प्रदान गरिने बताईएको छ।

## रोङले वडा कार्यालय भाडाको घरमा सार्ने

**गणेश अर्याल**

**इलाम, जेठ ४।** इलामको रोङ गाउँपालिकाले कोभिडको जोखिम बढेको अवस्थामा रोग ब्यवस्थापनको लागि केही काम शुरु गरेको छ।

सोमबार बसेको सर्बदलीय बैठकले हाल ५ शय्यामा रहेको इरौटारको कोभिड अस्पताललाइ शय्या बिस्तार गर्ने भएको छ। ५ नम्बर वडा कार्यालय नजिकै रहेको सो अस्पतालको क्षमता बिस्तारको लागि वडा कार्यालयलाई तत्कालै अन्यत्र कतै भाडामा घर खोजेर कार्यालय सार्ने निर्णय भएको छ।

वडा कार्यालय अन्यत्र सारेपछि कम्तीमा २० बेड क्षमताको अस्पताल हुन सक्ने भएकाले सर्बदलीय बैठकले यस्तो निर्णय भएको गाउँपालिका अध्यक्ष शम्शेर राईले बताए।

त्यसैगरी कोरना लागेकाहरु होम आइसोलेसनमा बस्दाको अवस्था के कस्तो छ ? थप केही सहयोग गर्नुपर्ने भयो भने कसरी सहयोग गर्न सकिन्छ भनेर क्वीक रेस्पन्स टिम (क्युआरटी) गठन गरेको छ। गाउँपालिका अध्यक्ष शम्शेर राईको संयोजकत्वमा उपाध्यक्ष चन्द्रकला राई, बिपत् व्यवस्थापन समितिका संयोजक, स्वास्थ्य समितिका सम्योजक, सबै राजनीतिक दलका प्रतिनिधिहरुसहितको समिति गठन भएको छ। समितिले कोरोना सक्रमितलाई अस्पताल पुऱ्याउनुपर्ने अवस्थादेखि आइपर्ने सबै काममा चाढो निर्णय गर्नुपर्ने अवस्था भएमा गर्न सक्ने छ। त्यसैगरी कोरोनाबाट मृत्यु भएमा शब ब्यवस्थापनको लागि हाँसपोखरी नजिकैको सुनाखरी सामुदायिक बनलाई छनौट गर्ने समेत निर्णय भएको गाउँपालिका अध्यक्ष राईले बताए।

सर्बदलीय बैठकमा नेकपा एमालेका अध्यक्ष खड्ग आलेमगर नेपाली काँग्रेसबाट पार्टी सभापति देवी अर्याल नेकपा माओबादी केन्द्रबाट देउकुमार राई र भक्त खवासको सभापतित्व रहेको थियो। त्यसैगरी सुनाखरी सामुदायिक बनका प्रतिनिधिहरु लगायतका स्थानीयबासीलाई समेतको सहभागितामा बैठक सम्पन्न भएको अध्यक्ष राईले बताए। हालसम्म कोरनाको संक्रमितहरु रोङ गाउँपालिकास्थित होम आइसुलेसनमा नै रहेका छन् तर जटिल अवस्था भएमा अस्पताल लैजान पर्ने अवस्था हुन सक्छ।

त्यस्तो अवस्थाको लागि गाउँपालिकाले आफ्नो गाडीलाई एम्बुलेन्सको रुपमा प्रयोग गर्ने गरी गाडीको रुप परिबर्तन गराइ सकेको छ। तर, अस्पताल सञ्चालनको लागि एमबीबीएस डाक्टर आवश्यक पर्ने भए पनि हालसम्म उपलब्ध नभएकाले केही समय लागे पनि छोटो प्रकृयाबाट भए पनि डाक्टर ल्याएर सेवा शुरु गर्ने गाउँपालिका अध्यक्ष राईले बताए। वडामा जिम्मेवारी पठाइसकेको जानकारी भएकाले उपयुक्त घरको खोजी भइरहेको वडा कार्यालय श्रोतबाट जानकारी आएकोले छिटै अस्पताल सञ्चालन हुने रोङबासीले अपेक्षा राखेका छन्।

## झापाका ४८ दृष्टिबिहीन घर परिवारलाई राहत



**बिर्तामोड, जेठ ४।** स्वच्छ समाजका लागि सामाजिक अभियानले झापाका ४८ दृष्टिबिहीन घर परिवारलाई राहत बितरण गरेको छ।

झापाका विभिन्न शहरमा आफ्नो सुमधुर गीत सुनाउँदै जीवनयापन गर्ने बिर्ता बजारका जेठा मुर्मूसहित दमक, गौरिगञ्ज, गौरादह, सुरुङ्गा, बिर्तामोड, भद्रपुर, धुलाबारी, शान्तिनगर र शनिश्चरेका ४८ परिवारलाइ अतिआवश्यक ३० केजीको १ बोरा चामल, दाल, नुन, खानेतेल र नुहाउने साबुन हस्तान्तरण गरेको छ।

अभियानको सहजीकरण करणमा सहयोगी दाता अर्जुनधारा-११का अमेरिका बस्ने अरुणकुमार डाँगीले ५० हजार ६०, दुबईमा बस्ने गणेश भट्टराईले पाँच हजार, शेरबहादुर थापा, सुनीता धिमाल, देबीमाया गिरी, भोला तामाङ्ग, नीता तामाङ्ग, खगेन्द्र कुँवर, वीरेन्द्र उदास, भूपेन्द्र श्रेष्ठ, मोति चौधरी, अभिप्रसाद बास्कोटा लगायतले सहयोग गरेको अभियानका अध्यक्ष गणेश ढुंगानाले बताए।

झापा नेत्रहीन संघको सल्लाहकार तथा पूर्वअध्यक्ष द्रोर्णाचार्य निरौलाले विषम् परिस्थितिमा गीत आएर आफ्नो आफ्नो जिबिका चलाउने र हाल यो परिस्थितिमा शहर बन्दाबन्दी रहेको अवस्थामा राहत दिएर जीवन रक्षा गर्नु भएकोमा धन्यवाद व्यक्त गरेका छन्। कार्यक्रमको सहजीकरण सञ्चारकर्मी रञ्जित परियारले गरेका थिए।

## शिवसताक्षीका संक्रमितलाई निःशुल्क एम्वुलेन्स

**बिनोद सापकोटा**

**झिलझिले, वैशाख ४।** शिवसताक्षी नगरपालिकाले कोरोना संक्रमणका कारण झापाका सरकारी तथा निजी स्वास्थ्य संस्थामा उपचार गर्न जाने नगरवासीलाई एम्बुलेन्स सुविधा दिने भएको छ।

नगर प्रवक्ता नवीन इजमका अनुसार शिवसताक्षी नगरपालिकाको स्वास्थ्य शाखा र स्वास्थ्यकर्मीले थप उपचारका लागि अस्पताल लैजानुपर्ने आवश्यकता औंल्याए नगरपालिकाले एम्वुलेन्स सुविधा दिने भएको हो। नगरवासीलाई एम्बुलेन्स प्रयोग गरे वापतको नगरपालिकाले कुनै पनि शुल्क लिन छैन- उनले भने। शिवसताक्षी नगरपालिकामा ८२ जना सक्रिय संक्रमित छन्। १० जना कोरोनामुक्त भएपछि सक्रिय संक्रमितको संख्या तल झरेको हो।

यस्तै कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिए नगरको स्वास्थ्य शाखा र स्वास्थ्यकर्मीले सिफारिस गरे अतिविपन्न वर्गका नगरवासीको कोरोना परीक्षण पनि नगरपालिकाले निःशुल्क गर्ने भएको छ। 'कोरोना परीक्षण गर्ने खर्च समेत नभएका त्यस्ता अतिविपन्न वर्गका नगरवासीको हकमा शिवसताक्षी नगरपालिकाले व्ययभार व्यहोर्ने छ'- प्रवक्ता इजमले भने।

शिवसताक्षी नगरपालिकाले नगरका सबै सङ्क्रमितलाई रोग प्रतिरोधात्मक क्षमता बढाउने जडीबुटी जन्य औषधिसमेत वितरण गर्ने बताएको छ। होम आइसोलेसन तथा अस्पतालको आइसोलेसनमा रहेका संक्रमितलाई रोग प्रतिरोधक क्षमता बढाउने औषधि वितरण गर्ने नगरपालिकाले जनाएको छ।

दूधेस्थित दूधे आयुर्वेद औषधालयबाट नगरका संक्रमितलाई औषधि वितरण गर्न लागिएको नगरका प्रवक्ता इजमले जानकारी दिएका छन्। औषधिसहित नगरका जनप्रतिनिधि पनि संक्रमितका घर-घरमा गएर उनीहरूको आत्माबल बढाउन सहयोग गर्ने शिवसताक्षी नगरपालिकाले जनाएको छ।

यसैबीच शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार सेर्माले कोरोना संक्रमणका कारण नगरका कोही पनि नागरिकले आफूलाई असहज भएको महसुस गरे तत्काल फोन गरेर नगरलाई जानकारी दिन आग्रह गरेका छन्। नगरप्रमुख शेर्माले भने- 'नगरप्रमुख, उपप्रमुख र वडा अध्यक्ष जहाँ पायक पर्छ त्यहाँ फोन गरेर आफ्नो समस्या राख्नुहोला। जसका कारण अस्पताल लगेर तत्काल उपचारको प्रक्रिया अघि बढाउन सहज हुनेछ।'

पछिल्लोपटक झापा प्रशासनले गरेको पूर्ण निषेधाज्ञाको नगरवासीले पूर्ण पालना गरेकोमा नगरप्रमुख सेर्माले सम्पूर्ण व्यवसायी लगायत आमनागरिकलाई धन्यवाद समेत दिएका छन्। 'संक्रमण दर ओरालो र कोरोना मुक्त हुनेको संख्या उकालो लागेको अवस्था पछिल्ला तीन दिनमा देखिएपनि अझै ढुक्क हुने अवस्था छैन'- नगरप्रमुख शेर्माले भने- ' घरबाट बाहिर निस्किनु होस्, जसका कारण संक्रमणबाट तपाईं टाढै रहनु हुनेछ।'

## दुर्घटनामा एक जनाको मृत्यु

**मोरङ, जेठ ४।** मोरङको बूढीगंगा-३ गोकुवा चोकस्थित कोशी लोकमार्गमा मोटरसाइकलको ठक्करबाट एक जना पैदल यात्रीको मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही स्थानका ५० बर्षीय बालकुमार बस्नेत रहेका छन्। उत्तरबाट दक्षीण तर्फ जाँदै गरेको प्र १-०२-०४५ प ६०८७ नम्बरको मोटरसाइकलले ठक्कर दिई घाइते भएका बस्नेतको उपचारको क्रममा मृत्यु भएको हो।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।

सम्पर्क : ९८१४९६३४८८

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** राम्रो समाचारले उत्साह जगाउनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बोलीको माध्यमले धेरैलाई प्रभावित पार्न सकिनेछ। आर्थिक क्रियाकलापमा समेत मनग्गे फाइदा हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सहयोगीहरू प्रशस्तै भेटिनेछन्। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** परिवारजनबाट टाढा भइनेछ। तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन्। खर्च लागे पनि पछि फाइदा हुने काम फेला पर्न सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** चुनौति पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ। टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ। शुभचिन्तकहरूले उत्साह जगाउनेछन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ।